आ.व. २०८२/८३
बैठक: गाउँ कार्यपालिका
अध्यक्षता : गाउँपालिका अध्यक्ष पित बहादुर महतरा क्षेत्री

बैठक संख्या: १२/०८२/०८३
मिति :२०८३/०१/१४
स्थान: झि.गा.पा. सभाहल
समय : दिनको: १:०० बजे

झिमरुक गाउँ कार्यपालिकाको बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय बमोजिमको निर्णय गरियो ।

**उपस्थिति**

| हस्ताक्षर | नाम,थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | गा.पा. अध्यक्ष | झि.गा.पा-३ | अध्यक्ष |
| | प्रमोद पोखेल | गा.पा. उपाध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | धुवराज खनाल | वडा अध्यक्ष | झि.गा.पा-१ | सदस्य |
| | कृष्ण प्रसाद पोखेल | वडा अध्यक्ष | झि.गा.पा-२ | सदस्य |
| | मिनबहादुर खत्री | वडा अध्यक्ष | झि.गा.पा-३ | सदस्य |
| | सिताराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-४ | सदस्य |
| | दधिराम पोखेल | वडा अध्यक्ष | झि.गा.पा-५ | सदस्य |
| | धन बहादुर पुन | वडा अध्यक्ष | झि.गा.पा-६ | सदस्य |
| | कृष्ण बहादुर जि.सी. | वडा अध्यक्ष | झि.गा.पा-७ | सदस्य |
| | तुलस बहादुर बस्नेत | वडा अध्यक्ष | झि.गा.पा-८ | सदस्य |
| | संगिता परियार | द.महिला वडा सदस्य | झि.गा.पा-८ | सदस्य |
| | पार्वता बि.क. | द.महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | तुलसा के.सी. | महिला वडा सदस्य | झि.गा.पा-४ | सदस्य |
| | कल्पना थापा (एम.सी.) | महिला वडा सदस्य | झि.गा.पा-३ | सदस्य |
| | चोप बहादुर बि.क | अल्पसंख्यक सदस्य | झि.गा.पा-१ | सदस्य |
| | हरी सुनार | अल्पसख्यक सदस्य | झि.गा.पा-४ | सदस्य |
| | अमरराज सेजुवाल | प्रमुख प्रशासकीय अधिकृत | झि.गा.पा. | सचिव |

**अन्य उपस्थिति/आमन्त्रित**

| | | |
|---|---|---|
| | हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| | अरविन्द महत | आर्थिक प्रशासन तथा राजश्व शाखा प्रमुख |
| | दामोदर उपाध्या | का.स. |

२०८३/०१/१४
अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/१२/१५ गते बसेको आ.व. २०८२/८३ को एघारौ बैठकबाट LGPAS सँग सम्बन्धित विषयमा विभिन्न निर्णय गरिएकोमा आ.व. २०८१/८२ को LGPAS अन्तर्गतका सूचकहरु र सोसँग सम्बन्धित कागजातहरु प्रणालीमा प्रविष्टी गरी सम्बन्धित निकायहरुमा पठाईएको, बाँदिकोट स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा विस्तार गरी गुणस्तरीय सेवा उपलब्ध गराउने निर्णय वमोजिम जनशक्ति खटाई सेवा सुरु गरिएको, कुभिण्डे लिफ्ट खानेपानी निर्माण र तामाखोली,सौतामारे लिफ्ट खानेपानी आयोजनाको लागि रकमान्तर गरी स्रोतको सुनिश्चितता गरिएकोमा योजनाको लागत अनुमान तयार भई सम्झौताको प्रक्रिया अगाडि वढेको, बहुक्षेत्रीय पोषण कार्यक्रम संशोधन गरी वडा र गाउँ छनोट गरिएकोमा कार्यान्वयनको प्रक्रियामा रहेको, राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत सञ्चालन हुने आयोजना छनोट गरी पठाउने निर्णय अनुसार वडा समितिबाट निर्णय भई आएको, डि.पि.आर. भएका आयोजनाहरु कार्यान्वयनको लागि माग गरी पठाउने निर्णय अनुसार सम्बन्धित निकायहरुमा मागको लागि पठाईएको, खेल मैदान सम्याउदा र मर्मत गर्दा भएको खर्च भुक्तानीको लागि रकम रकमान्तर गरिएकोमा भुक्तानीको लागि लेखाशाखामा पठाईएको, चिस्यान केन्द्रको भवन संरक्षणको लागि सपोट वाल लगाउन रकम रकमान्तर गरिएकोमा उक्त सपोट वाल लगाउने कार्य अगाडि वढेको, कार्यालयका सवारी साधन मर्मतको रकम भुक्तानी गर्ने निर्णय अनुसार विल, भर्पाइ प्राप्त भएको भुक्तानी भएको र विल, भर्पाइ प्राप्त हुन बाँकी रहेकाको हकमा भुक्तानीको प्रक्रियामा रहेको, विभिन्न व्यक्तिहरुलाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरिएकोमा आर्थिक सहयोग उपलब्ध गराईएको, ४ नं. वडा अन्तर्गतका मर्मत गर्न बाँकी रहेका मोटरबाटाहरु मर्मत गर्नको लागि रकम रकमान्तर गरिएकोमा मर्मतको कार्य प्रक्रियामा रहेको, मदन भण्डारी राजमार्गमा धेरै खाल्डाखुल्डी भएका कारण दैनिक सवारी साधनको आवागमनमा निकै समस्या भएकोले तालुक कार्यालयलाई मर्मतको लागि अनुरोधको लागि पत्रचार गर्ने निर्णय अनुसार पत्रचार गरिएकोमा कुनै प्रतिक्रिया नआएको, निकासी काठबाट संकलन भएको राजश्वको २० प्रतिशतले हुन आउने रकम प्रोत्साहन बापत काठ निकासीको राजश्व संकलन गर्ने मच्छी प्रहरी चेक पोष्टलाई उपलब्ध गराउनको लागि स्रोतको सुनिश्चितता गरिएकोमा प्रोत्साहन रकम भुक्तानीको प्रक्रियामा रहेको, चिस्यान केन्द्र सञ्चालनको लागि जेनेरेटर लगायत आवश्यक भौतिक पूर्वाधार व्यवस्थापन गर्न रकम रकमान्तर गरिएकोमा उक्त कार्य प्रक्रियामा रहेको, झिमरुक-६ को हरियाली सिंचाई कुलो मर्मत कार्यको लागि रकम रकमान्तर गरी स्रोतको सुनिश्चितता गरिएकोमा कार्यान्वयनको प्रक्रिया अगाडि वढेको, महिनाको दोस्रो सनिबार र अन्तिम सनिवार हाट बजार सञ्चालन गर्ने निर्णय गरिएकोमा गत महिनाको अन्तिम सनिबार किसानहरुबाट उत्पादित बस्तुहरु हाटवजारमा ल्याएको भएता पनि खरिद गर्ने उपभोक्ताहरु नआएको हुँदा व्यापक प्रचार प्रसार गर्नु पर्ने देखिएको, झिमरुक गाउँपालिका र अन्तर्गतका कार्यालयमा करार सेवामा दरवन्दीमा कार्यरत कर्मचारीहरुको पद र तह अनुसार मासिक पारिश्रमिक उपलब्ध गराउने निर्णय भएकोमा तह र पद अनुसार मिति २०८२ चैत महिनादेखि पारिश्रमिक उपलब्ध गराउने कार्यको सुरुवात गरिएको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं २ प्रदेश समपुरक र विशेष अनुदान तर्फका आयोजना छनोट सम्वन्धमा ।**

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा लुम्बिनी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको च.नं.६१९ मिति २०८२/१२/२७ गतेको र लुम्बिनी प्रदेश, योजना आयोगको च.नं.२३६ मिति २०८२/१२/२७ गतेको आयोजना/योजना/ कार्यक्रम प्रस्ताव गर्ने सम्वन्धी प्राप्त पत्रानुसार झिमरुक गाउँपालिकाबाट आ.व. २०८३/८४ मा कार्यान्वयन गर्नको लागि तपसिल बमोजिमका आयोजना बहुवर्षिय योजनाको रुपमा समपुरक अनुदानतर्फ र विशेष अनुदानतर्फ लुम्बिनी प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालय र योजना आयोगमा माग गर्न प्रस्ताव पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

झिमरुक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ब्यागुते, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

२०८३/०१/१५

**तपसिल**

**प्रदेश समपुरक अनुदानतर्फ आ.व. २०८३/८४ देखि आ.व.२०८४/८५ सम्मको बहुवर्षिय आयोजना**

| क्र.स. | योजनाको नाम | ठेगाना | वजेट रकम रु | | | |
|---|---|---|---|---|---|---|
| १ | झिमरुक रिङ्गरोड कालोपत्रे बुहवर्षिय आयोजना | झिमरुक गा.पा.वडा नं.१ देखि ८ सम्मको विभिन्न खण्डमा | आ.व. | प्रदेश समपुरक (६० %) | गा.पा.को दायित्व (४० %) | जम्मा |
| | | | २०८३/८४ | २,१०,००,०००। | १,४०,००,०००। | ३,५०,००,०००। |
| | | | २०८४/८५ | २,१०,००,०००। | १,४०,००,०००। | ३,५०,००,०००। |
| | | | जम्मा | ४,२०,००,०००। | २,८०,००,०००। | ७,००,००,०००। |

**प्रदेश विषेश अनुदानतर्फ**

| क्र.स. | योजनाको नाम र ठेगाना | ठेगाना | रकम रु |
|---|---|---|---|
| १. | स्वास्थ्य संस्था पूर्वाधार निर्माण तथा खोप क्लिनीक भवन निर्माण आयोजना | झिमरुक गा.पा.वडा नं.१ देखि ८ सम्म | ४०,००,०००। |

**प्रस्ताव नं. ३ कानुन व्यवसायी मुकरर गर्ने सम्वन्धमा ।**

**निर्णय नं.३**

प्रस्ताव नं ३ माथि व्यापक छलफल गर्दा नविन पौडेल समेत रिट निवेदक र यस झिमरुक गा.पा. समेत विपक्षी भएको रिट नं.०८२-W०-०२४४ भएको मुद्धामा सम्मानित सर्वोच्च अदालतबाट मिति २०८२/१२/१९ गतेका दिन म्याद तामेल भै थाहाँ पाई जानकारी गराएकोमा उक्त मुद्धामा रिट निवेदनका सम्बन्धमा १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भन्ने आदेश भएको र लिखित जवाफ पेस गर्न, मुद्धाको उचित प्रतिरक्षा गर्न, बारेस नियुक्ती गर्न, महान्याधिवक्ता कार्यालयसँग सम्पर्क र समन्वय गर्ने समेतको कामका लागि यस झिमरुक गाउँपालिकाको तर्फबाट प्यु.न.पा.-८, बाग्दुला, प्युठान निवासी अधिवक्ता श्री शिवराज पण्डित (प्र.प.स ३८६८) लाई कानुन व्यवसायी मुकरर गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं.४ राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम सम्बन्धमा ।**

**निर्णय नं.४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको लागि आ.व. २०८२/८३ को लागि संघीय सरकारबाट हस्तान्तरित रु ३२ लाख ७२ हजार रकम स्वीकृत भई आएको हुँदा उक्त बजेट मध्येबाट वडा कार्यालयमा सूचीकृत भएका वेरोजगार व्यक्तिहरुलाई क्रमिक रुपमा १०० दिन वरावर काममा लगाई ज्याला भुक्तानी गर्ने प्रयोजनको लागि प्रत्येक वडाबाट घटिमा १/१ लाखका ४/४ वटा आयोजनाहरु छनोट गरी वडा समितिहरुबाट निर्णय सहित आएको हुँदा उक्त आयोजनाहरु स्वीकृत गरी नियमानुसार आयोजनाहरुको कार्यान्वयनको प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

२०८३/०१/१५

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ५ मर्मत तथा नयाँ झो.पु. को विवरण पठाउने सम्वन्धमा ।

निर्णय नं.५

प्रस्ताव नं ५ माथि व्यापक छलफल गर्दा सडक पूर्वाधार विकास कार्यालय,प्युठानको च.नं. ५५६ मिति २०८३/०१/०९ गतेको बृहत मर्मत तथा नयाँ झोलुङ्गे पुलहरुको विवरण उपलब्ध गराई दिने सम्बन्धी पत्रानुसार देहाय वमोजिमका नयाँ तथा मर्मत गर्नु पर्ने झोलुङ्गे पुलहरु प्राथमिकताका आधारमा माग विवरण पठाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

नयाँ झोलुङ्गे पुलको विवरण

| क.स | प्राथमिकताक्रम | झोलुङ्गे पुलको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ | चमेरे गातिना झोलुङ्गे पुल निर्माण योजना | झिमरुक-१ |
| २ | २ | भिरनेटा व्याडा झोलुङ्गे पुल निर्माण योजना | झिमरुक-८ |

मर्मत गर्नुपर्ने तर्फका झोलुङ्गे पुल

| क.स | प्राथमिकताक्रम | झोलुङ्गे पुलको नाम | ठेगाना |
|---|---|---|---|
| १ | १ | सयमुरे खहरे झोलुङ्गे पुल मर्मत योजना | झिमरुक-४ र ५ |
| २ | २ | ढाड पिडाल्ने झोलुङ्गे पुल मर्मत योजना | झिमरुक-५ र ७ |

प्रस्ताव नं. ६ आ.व. २०८२/८३ को आ.ले.प. व्यवस्थापन सम्वन्धमा ।

निर्णय नं.६

प्रस्ताव नं ६ माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको कार्यालयमा आन्तरिक लेखा परीक्षकको दरवन्दी भएता पनि हाल उक्त पद रिक्त रहेको कारण आन्तरिक लेखा परिक्षण गर्न समस्या भएको हुँदा आ.व. २०८२/८३ को आ.ले.प. कार्यको लागि ऐरावती गाउँपालिकामा कार्यरत आ.ले.प.अधिकृतलाई झिमरुक गाउँपालिकामा खटाई पठाउन ऐरावती गाउँपालिकाको कार्यालय, प्युठानलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं. ७ आ.व. २०८३/८४ को नीति, कार्यक्रम र बजेट सम्वन्धमा ।

निर्णय नं.७

प्रस्ताव नं ७ माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/८४ को लागि चालु आर्थिक वर्षको असार १० गतेभित्र बजेट सभामा पेस गर्ने कानुनी प्रावधान रहेको हुँदा स्रोत अनुमान तथा सीमा निर्धारण समितिबाट तयार भइ आएको वजेट तर्जुमा सम्बन्धी मार्गदर्शन आजको बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो । साथै बजेट सीमा सहित विषयगत शाखा/एकाइ र वडा कार्यालयलाई वजेट सीमा उपलब्ध गराउने निर्णय गरियो र आ.व. २०८३/८४ को नीति, कार्यक्रम र बजेटसँग सम्बन्धित विभिन्न समितिहरु सक्रिय भई आ आफ्नो जिम्मेवारी अनुसारका कार्य अगाडि वढाउन सर्वसम्मत निर्णय गरियो ।

२०८३/०१/१५

अमरराज सेजुवाल

प्रमुख प्रशासकीय अधिकृत

प्रस्ताव नं. ८ विविध सम्बन्धमा ।

विविध (क) डायलाईसिस सेवा सञ्चालनको लागि आर्थिक सहयोग उपलब्ध सम्वन्धमा ।

निर्णय नं. ८ (क)

प्रस्ताव नं. ८ विविध (क) माथि छलफल गर्दा प्युठान जिल्लाको १ मात्र अस्पताल प्युठान अस्पतालबाट मृगौला सम्बन्धी रोगीहरुको लागि डायलाईसिस सेवा सञ्चालन भएको हुँदा आर्थिक सहयोग माग भएकोले आर्थिक सहायता शीर्षकमा विनियोजन गरिएको रकमबाट डायलाईसिस सेवा सञ्चालनको लागि रु १,००,०००। आर्थिक सहयोग उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

विविध (ख) अनुदान रकम उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं.८ (ख)

प्रस्ताव नं ८ विविध (ख) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ३ मा गठन भई सञ्चालनमा रहेको आलु उत्पादन तथा वजारीकरण मूल समितिका अध्यक्ष नवराज के.सी.को अनुदान रकम उपलब्ध गराउने सम्बन्धी निवेदन अनुसार आलु उत्पादन तथा वजारीकरण मूल समितिले टि.पि.एस जातको आलुको विउ सुरक्षितको लागि दाङ्गको लमही कोल्ड स्टोरसम्म विउ ढुवानी गरी लैजादा, ल्याउदा र सुरक्षित गर्दा लाग्ने कूल खर्च रकमको विल, भर्पाइको आधारमा ५० प्रतिशतले हुन आउने रकम तपसिल बमोजिमको शीर्षकबाट रकमान्तर गरी अनुदान रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

अनौपचारीक क्षेत्रका श्रमिक र स्वरोजगार रहेका व्यक्तिहरुको सामाजिक सुरक्षा कार्यक्रम

विविध ८ (ग) आर्थिक सहयोग सम्वन्धमा ।

निर्णय नं. (ग)

प्रस्ताव नं (ग) विविध माथि छलफल गर्दा तपसिल बमोजिमका व्यक्तिबाट आर्थिक सहायता मागको लागि पेस भई आएका निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकबाट देहाय बमोजिमको आर्थिक सहयोग रकम उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स. | आर्थिक सहयोग माग गर्ने व्यक्तिको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १. | झिमरुक-७ निवासी ऋखे सुनारले आर्थिक सहायता उपलब्ध सम्बन्धी पेस गरेको निवेदन अनुसार | निवेदक विगत १७ वर्षदेखि भारतमा मजदुरी गरी हाल घरफर्कि आएकोमा खरको छाना भएको घर जीर्ण अवस्थामा रही भत्केको हुँदा १ तले घरको छाना छाउने कामको लागि आर्थिक सहयोग | २५,०००। | आर्थिक सहायता |

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

## विविध (घ) शिक्षातर्फको अपुग रकम रकमान्तर सम्बन्धमा ।

**निर्णय नं. ८ (घ)**

प्रस्ताव नं ८ विविध (घ) माथि छलफल गर्दा शैक्षिक सत्र,२०८१ मा उत्कृष्ट सिकाइ उपलब्धी हासिल गर्ने विद्यार्थी, उत्कृष्ट प्र.अ., शिक्षक तथा विद्यालय पुरस्कृत कार्यक्रम र राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन कार्यको लागि विनियोजित रकम नपुग भएको कारण खर्च भुक्तानी गर्न कठिनाई भएको र बार्षिक एकमुष्ठ अनुदानबाट सञ्चालित विद्यालयहरुको लगि विद्यालय सञ्चालन तथा व्यवस्थापन खर्चको रुपमा संघीय सरकारबाट रु १० लाखका दरले एकमुष्ठ अनुदान उपलब्ध गराएको तर चालु आ.व.मा एस.आई.पि.,मसलन्द, सामाजिक परीक्षण र ईन्टरनेट खर्चको लागि रकम कटौती भएका हुँदा ( श्री बाल जिवन प्रा.वि.झिमरुक-२, थापाचौर, श्री बाल कल्याण प्रा.वि.झिमरुक-३, मैनतापोखरी र श्री सूर्य प्रा.वि. झिमरुक -८,रातामाटा) लाई तपसिल बमोजिमको शीर्षकबाट रकमान्तर गरी रकम भुक्तानी गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

| क.स | घटाउने | | | | बढाउने/थप्ने | | |
|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | रकम रु | कार्यक्रम/आयोजना/ क्रियाकलापको नाम | खर्च शीर्षक | रकम रु |
| १ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | राजश्व वाडफाँट संघीय सरकार | १,८८,६६९। | शैक्षिक सत्र,२०८१मा उत्कृष्ट सिकाइ उपलब्धी हासिल गर्ने विद्यार्थी, उत्कृष्ट प्र.अ., शिक्षक तथा विद्यालय पुरस्कृत कार्यक्रम | २२५२२ | ३,७०,०८० । |
| | विद्यार्थी भर्ना अभियान | २२५२२ | राजश्व वाँडफाँट संघीय सरकार | ५०,०००। | | | |
| २ | सामुदायिक विद्यालयमा चालु अनुदान | २१११११ | लुम्बिनी प्रदेश समानिकरण अनुदान | १,३१,४११। | | | |
| ३ | सामुदायिक विद्यालयमा चालु अनुदान | २१११११ | लुम्बिनी प्रदेश समानिकरण अनुदान | २३,६१६। | राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगिता सञ्चालन | २२५२२ | ३,९४,८९४। |
| ४ | विविध खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन | २२५२२ | आन्तरिक स्रोत | ३,००,०००। | | | |
| ५ | स्थानीय विषयका पाठ्यपुस्तक निर्माण | २२५२२ | लुम्बिनी प्रदेश समानिकरण अनुदान | ७१,२७८। | | | |
| ६ | विविध कार्यक्रम खर्च | २२५२९ | राजश्व वाँडफाँट संघीय सरका | १,५६,०००। | वर्षिक एकमुष्ठ अनुदानबाट सञ्चालित विद्यालयहरुको लगि थप अनुदान रकम | २२५२२ | १,५६,०००। |

## विविध (ङ) योजना कार्यान्वयन तथा रकम भुक्तानी सम्वन्धमा ।

**निर्णय नं. ८ (ङ)**

प्रस्ताव नं ८ (ङ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ..२०८२/८३ मा वडा कार्यालयमार्फत कार्यान्वयन हुने आयोजनाहरुको कार्यान्वयनको अवस्था कमजोर भएको र सम्पन्न भएका योजनहरु समेत भुक्तानीको लागि फाईल समयमा गाउँपालिमा पेस नगरेका कारण आ.व.को अन्त्यमा सुत्र प्रणालीमा अत्याधिक चाप पर्न गई प्रणाली समेत अवरोध हुने समस्याका कारण भुक्तानी कार्य प्रभावित हुने भएको हुँदा आ-आफ्नो वडामा रहेका योजनाहरुको अवस्था एकिन गरी यथासिघ्र कार्य सम्पन्न पश्चात भुक्तानीको लागि फाईल गाउँपालिकामा पठाउने व्यवस्था वडा कार्यालयवाट गर्ने र छिटो छरिता फाईल पेस गर्ने विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट प्राविधिक कर्मचारीहरु र योजना शाखा प्रमुखलाई सहजीकरण तथा आवश्यक निर्देशन गर्नु पर्ने सर्वसम्मत निर्णय गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

विविध (च) व्याक हु लोडर मर्मत सम्बन्धमा ।
निर्णय नं. ८ (च)
प्रस्ताव नं ८ विविध (च) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको नाममा रहेको व्याक हु लोडर सर्भिसिङ्ग तथा मर्मत गर्नु पर्ने भएका कारण व्याक हु लोडरबाट हुने कार्य प्रभावित भएको हुँदा मर्मत तथा सर्भिसिङ्गसँग सम्बन्धित कार्य यथासिघ्र व्यवस्थापन गरी व्याक हु लोडर चालु अवस्थामा राख्ने सर्वसम्मत निर्णय गरियो ।

विविध ८ (छ) राय सुझाव पठाउने सम्वन्धमा ।
निर्णय नं. (छ)
प्रस्ताव नं (छ) विविध माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८३/८४ को नीति कार्यक्रम तथा बजेटको तयारी गर्नु पर्ने भएको हुँदा चालु वर्षको नीति तथा कार्यक्रममा के कति थप घट गर्न सकिन्छ १ हप्ता भित्र अध्ययन गरी राय सुझाव गाउँपालिकाको कार्यालयमा वडा समितिको निर्णय सहित पठाउन जानकारी गराउने सर्वसम्मत निर्णय गरियो ।

विविध ८ (ज) लागत अनुमान तयार गर्ने सम्बन्धमा ।
निर्णय नं. ( ज)
**प्रस्ताव नं. ८** विविध (ज) माथि छलफल गर्दा झिमरुक गाउँपालिका वडा नं. ३ को सभाहलको रंग रोगनको कार्य रकम अपुग भएका कारण बाँकी रहेको हुँदा रंग रोगनको लागि के कति रकम आवश्यक पर्ने हो प्राविधिक लागत अनुमान गर्ने र स्रोतको सुनिश्चितताको लागि अर्को बैठकमा निर्णय लिने सर्वसम्मत निर्णय गरियो ।

विविध ८ (झ) सवारी साधन भाडामा लिने सम्बन्धमा ।
निर्णय नं. ( झ )
प्रस्ताव नं ८ (झ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको कार्यालयबाट मिति २०८२/६/१२ गते गाडि भाडामा लिने सम्बन्धी सूचना प्रकाशन गरिएकोमा कुनै पनि व्यवसायीहरुले निवेदन पेस नगरेको र तत्काल सूचना प्रकाशन गर्दा समेत निवेदन पेस हुने सम्भावना अत्यन्तै न्यून रहेको हुँदा चालु आ.व.का विभिन्न योजना/कार्यक्रमहरुको अनुगमन, विद्यालय, स्वास्थ्य संस्था, वडा कार्यालयहरुको समेत अनुगमन तथा निरीक्षण लगायतका अन्य कार्यालयको प्रयोजन समेतको कामकाजको लागि स्थलगत रुपमा फिल्डमा जानु पर्ने भएकोले एक थान चार पाङ्गे स्कारपियो सवारी साधन भाडामा लिने सर्वसम्मत निर्णय गरियो ।

विविध ८ (ञ) मोटरबाटो मर्मतको रकम भुक्तानी सम्बन्धमा ।
निर्णय नं. ( ञ)
प्रस्ताव नं ८ (ञ) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाका सबै वडाहरुमा मोटरबाटो मर्मत गर्दा लागेको खर्च भुक्तानीको लागि पत्रमार्फत ताकेता गर्दा समेत भुक्तानीको फाईल गाउँपालिकामा प्राप्त नभएको हुँदा सबै वडाहरुले यथासिघ्र मोटरबाटो मर्मत कार्य गर्दा भएको खर्च आवश्यक प्रक्रिया पुऱ्याई भुक्तानीको लागि फाईल गाउँपालिकाको कार्यालयमा पेस गर्ने सर्वसम्मत निर्णय गरियो ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

**विविध ८ (ट) आयोजनाको नाम संशोधन सम्बन्धमा ।**

**निर्णय नं. ( ट)**

प्रस्ताव नं ८ (ट) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिल वमोजिको शीर्षक अनतर्गतको आयोजनाको नाम संशोधन गर्नु पर्ने भएको हुँदा नाम संशोधन गरी कार्यान्वयनको प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| साविक आयोजनाको नाम | रकम | हाल संशोधित आयोजनाको नाम | रकम |
|---|---|---|---|
| सडक वत्ती जडान | ८,००,०००। | सडक वत्ती मर्मत तथा जडान | ८,००,०००। |

**विविध ८ (ठ) गाउँ शिक्षा समितिका निर्णयहरु अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं. ( ठ)**

प्रस्ताव नं ८ (ठ) माथि छलफल गर्दा झिमरुक गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८३ वैशाख १४ गते विहान ८:०० बजे बसेको गाउँ शिक्षा समितिको निर्णय नं. २,३,४ र प्रस्ताव नं. ८ को विविध ख र घ सँग सम्बन्धित निर्णयहरु सर्वसम्मत रुपमा अनुमोदन गरियो ।

अन्तमा आजको बैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

अमरराज सेजुवाल

प्रमुख प्रशासकीय अधिकृत